लेखापरीक्षण प्रतिवेदन

ग्रामथान गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

ग्रामथान गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/576

श्रीमान् अध्यक्षज्यू,

ग्रामथान गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, मोरङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/576

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्री अध्यक्षज्यू ,

ग्रामथान गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

मोरङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय तथा व्ययतर्फ रू. १ अर्ब ५३ करोड ७९ लाख ६८ हजारको लेखापरीक्षणब गर्दा रु. ६८ लाख ७७ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. १६ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २८ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु. २३ लाख १२ हजार र पेश्की बाँकी रु. ५० हजार गरी जम्मा रु. ६८ लाख ७७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ७ करोड ९६ लाख ५२ हजार रहेकोमा यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. ८ करोड ६५ लाख २९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४४	३८	६८,७७,५३९	०	०	०	०	४४	३८	६८,७७,५३९	१६,२४,५५७	२३,११,६५१	२८,९१,३३१	०	०	५२,०२,९८२	५०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मोरङ	७,९६,५२,१३५	०	०	७,९६,५२,१३५	०	६८,७७,५३९	८,६५,२९,६७४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
०	०	०	०	०

ग्रामथान गाउँपालिका, मोरङ

(८०११३५०४३००)

ग्रामथान गाउँपालिका , मोरङ

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडारहेको छ भने क्षेत्रफल ७१.८४ वर्ग किलोमिटर तथा ३६०२४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२५ देखि २०८२।१०।१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय तथा व्ययतर्फ रु. १ अर्ब ५३ करोड ७९ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७३,०२५।०० असुल भइ दाखिला प्रमाण पेश भएको

छ

सि.नं	बिवरण	रकम रु.
१	दिवा खाजामा बढी भुक्तानी भएको रकम असुल भएको छ।	११९१०
२	पाठ्यपुस्तकमा बढी निकासा भएको रकम असुल भएको छ।	७०००
३	छात्रवृत्तिमा बढी निकासा भएको रकम असुल भएको छ।	७८००
४	आमा सुरक्षा नवजात शिशु कार्यक्रममा बढी भुक्तानी भएको रकम असुल भएको छ।	४१११५
५	आलेप बाट उल्लेख गरिएको बढी भूक्तानी भएको रकम असुल भएको छ।	५२००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आर्थिक विवरण**

सि नं	प्राप्तीविवरण	रकम	रकम	सि नं	भुक्तानीविवरण	रकम	रकम
१	सुरु मौज्दात		१२४५७५१३६	१	चालु खर्च		३३८८३७८७५
	संचित कोष	९०४९९३९५			पालिका तर्फ	१३०२९२८७३	
	धरौटी	१३८२९६२९	२७९८४८२६		संघीय सशर्त	२०६४६९८७९	२३८०४०७५५
	विविध कोष खाता	७५१४७७८	५११८५२५०५		संघीय विशेष		
	प्रकोप व्यवस्थापन कोष	१२७३१३३४			प्रदेश सशर्त	२०७५१२३	१६२१६६५४८
			३८४५४८१८		प्रदेश विशेष		
२	आन्तरिक आय	१०७५४२७२०		२	पुँजीगत खर्च	११२५६७६५७	९४८९५६१
३	वित्तीय हस्तान्तरण (संघ)	७९६२५२८५	१६२१६६५४८		पालिका तर्फ	९०८३७८१ ५	९५८९०
	समानीकरण अनुदान	३२०६८४५००			संघीय सशर्त		१६२००१२
	राजस्व बाँडफाँट	१२०००००	१३२९९५२९		संघीय विशेष	११७९०६५३	२५२५४४०१
	सशर्त अनुदान	-	७०४३९०		संघीय समपुरक	१२९२२३४३	
	समपुरक अनुदान	-			प्रदेश सशर्त		१११५३२७१०
	विशेष अनुदान	-	८८७०३७७५२		प्रदेश विशेष	९९२२२८७	
	रोयल्टी		१२४५७५१३६		प्रदेश समपुरक		८८७०३७७५२
	अन्य	७२९३०००		३	अन्तर सरकारी अख्तियारी	१४८३१८३८२	३३८८३७८७५
३	वित्तीय हस्तान्तरण (प्रदेश)	४५७३८१८	२७९८४८२६		सामाजिक सुरक्षा	१३८४८१६६	
	समानीकरण अनुदान	१६५८८०००	५११८५२५०५		स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम		२३८०४०७५५
	राजस्व बाँडफाँट	१००००००००				२३५८६१५४	
	सशर्त अनुदान		३८४५४८१८			२३३७६८०६	१६२१६६५४८
	समपुरक अनुदान	-				२०९३४७	
	विशेष अनुदान		१६२१६६५४८			१६६८२४७	९४८९५६१
		१४८३१८३८२		४	धरौटी फिर्ता तथा सदरस्याहा	१५९०५३४	९५८९०
		१३८४८१६६	१३२९९५२९	५	विविध कोष खाता	७७७१४	१६२००१२
४	अन्तर सरकारी अख्तियारी (संघ)	९०४९९३९५	७०४३९०		प्रकोप व्यवस्थापन कोष		२५२५४४०१
	सामाजिक सुरक्षा	१३८२९६२९		६	अनुदान फिर्ता	७४६५८५१३	
	स्वास्थ्यक्षेत्र	७५१४७७८	८८७०३७७५२		संघ तर्फ	१७६३९५९८	१११५३२७१०

	सुधार कार्यक्रम						
		१२७३१३३४	१२४५७५१३६		सशर्त अनुदान	८१२३२७८	
					समपुरक अनुदान	११११३२२	८८७०३७७५२
		१०७५४२७२०	२७९८४८२६		प्रदेश तर्फ	१३०२९२८७३	३३८८३७८७५
		७९६२५२८५	५१९८५२५०५		सशर्त अनुदान	२०६४६९८७९	
५	धरौटी आय	३२०६८४५००			समपुरक अनुदान		२३८०४०७५५
६	विविध कोष खाता	१२०००००	३८४५४८१८			२०७५१२३	
७	प्रकोप व्यवस्थापन कोष	-					१६२१६६५४८
		-	१६२१६६५४८	७	अन्तिम मौज्दात	११२५६७६५७	
		-			संचित कोषको मौज्दात	९०८३७८१ ५	९४८९५६१
			१३२९९५२९		धरौटी		९५८९०
			७०४३९०		विविध कोष खाता	११७९०६५३	१६२००१२
					प्रकोप व्यवस्थापन कोष	१२९२२३४३	२५२५४४०१
	जम्मा		८८७०३७७५२		जम्मा		८८७०३७७५२

३ **वित्तीय प्रतिवेदन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
			चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	नगद	तेस्रो पक्ष भुक्तानी (सोभै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोभै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०, ६७ , ९३ , ८५२.५८	०	१०, ६७ , ९३ , ८५२.५८	१०, १५ , ९८ , ८८६.१७	०	१०, १५ , ९८ , ८८६.१७
१३०००	अनुदान		४४, ८८ , ५३ , ८१८.८८	०	४४, ८८ , ५३ , ८१८.८८	४०, १९ , ४० , ००९.२६	०	४०, १९ , ४० , ००९.२६
१४०००	अन्य राजस्व		४१, ८५ , ८०१.५७	०	४१, ८५ , ८०१.५७	१, ०२ , ९९ , ६८९.५३	०	१, ०२ , ९९ , ६८९.५३
१५०००	विविध प्राप्ति		१२, ०४ , २७४.७१	०	१२, ०४ , २७४.७१	३४,८१०.००	०	३४,८१०.००
क	कुल जम्मा प्राप्ति		५६, १० , ३७ , ७४७.७४		५६, १० , ३७ , ७४७.७४	५१, ३८ , ७३ , ३९४.९६		५१, ३८ , ७३ , ३९४.९६
३	चालु		३३, ८८ , ३७ , ८७४.९१	०	३३, ८८ , ३७ , ८७४.९१	३६, १५ , ८४ , ०५७.२६	०	३६, १५ , ८४ , ०५७.२६
२१०००	पारिश्रमिक / सुविधा		२०, ३५ , ५३ , ६६७.६६	०	२०, ३५ , ५३ , ६६७.६६	२०, ४९ , १० , ०३२.०९	०	२०, ४९ , १० , ०३२.०९
२२०००	मालसामान तथा सेवाको उपयोग		११, ५६ , ११ , ५८२.९९	०	११, ५६ , ११ , ५८२.९९	१२, ४९ , ०८ , ०३५.३१	०	१२, ४९ , ०८ , ०३५.३१
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन		०	०	०	९४,९७७.००	०	९४,९७७.००
२५०००	सहायता (Subsidy)		१, ७७ , ०४ , १६०.२४	०	१, ७७ , ०४ , १६०.२४	३, ०२ , १९ , ०१२.८६	०	३, ०२ , १९ , ०१२.८६
२७०००	सामाजिक सुरक्षा		०	०	०	१२, ०० , ०००.००	०	१२, ०० , ०००.००
२८०००	अन्य खर्च		१९, ६८ , ४६४.०२	०	१९, ६८ , ४६४.०२	२, ५२ , ०००.००	०	२, ५२ , ०००.००
४	पूंजीगत		२३, ८० , ४० , ७५४.५१	०	२३, ८० , ४० , ७५४.५१	१८, ४३ , ७४ , ४७४.१७	०	१८, ४३ , ७४ , ४७४.१७
३१११०	भवन तथा संरचना		८, ६६ , १० , ८७३.९७	०	८, ६६ , १० , ८७३.९७	८, ९७ , ०००.००	०	८, ९७ , ०००.००
३११२०	सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स		१३, २९ , ८७०.२३	०	१३, २९ , ८७०.२३	१४, ९२ , ४२१.२२	०	१४, ९२ , ४२१.२२
३११३०	अन्य पूँजीगत खर्च		०	०	०	८, ६९ , १७१.००	०	८, ६९ , १७१.००
३११५०	सार्वजनिक निर्माण		१५, ०१ , ०० , ०१०.३१	०	१५, ०१ , ०० , ०१०.३१	१८, ११ , १५ , ८८१.९५	०	१८, ११ , १५ , ८८१.९५
ख)	कुल जम्मा भुक्तानी		५७, ६८ , ७८ , ६२९.४२		५७, ६८ , ७८ , ६२९.४२	५४, ५९ , ५८ , ५३१.४३		५४, ५९ , ५८ , ५३१.४३
ग)	बचत /कमी (ग		(१ , ५८ , ४० ,		(१ , ५८ , ४० ,	(३ , २० , ८५ ,		(३ , २० , ८५ ,

	= क-ख)		८८१.६८)		८८१.६८)	१३६.४७)		१३६.४७)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)		२७, ९८ , ४५६.३२		२७, ९८ , ४५६.३२	२०, ०४ , ९६६.६५		२०, ०४ , ९६६.६५
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१ , ३० , ४२ , ४२५.३६)		(१ , ३० , ४२ , ४२५.३६)	(३ , ०० , ८० , १६९.८२)		(३ , ०० , ८० , १६९.८२)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१२, ४५ , ७५ , १३५.४७		१२, ४५ , ७५ , १३५.४७	१५, ४६ , ५५ , ३०५.२९		१५, ४६ , ५५ , ३०५.२९
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		११, १५ , ३२ , ७१०.११		११, १५ , ३२ , ७१०.११	१२, ४५ , ७५ , १३५.४७		१२, ४५ , ७५ , १३५.४७

एकिकृत वित्तिय विवरण अनुसार यो बर्षको मौज्दात रु.११२५६७६५७ रहेको तथा म.ले,प फा.न २७० अनुसार रु.१११५३२७१० रहेकोले म.ले,प फा.न २७० मा रु.१०३४९४७ कम मोज्दात रहेको देखिन्छ।के कारणले मौज्दात कम भएको हो कार्यालयले यकिन गर्नुपर्दछ।

४ वित्तीय विवरणको यथार्थता-

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४८३१८३८२ स्वास्थ्यक्षेत्र सुधार कार्यक्रमको रु.१३८४८१६६ गरि जम्मा रु.१६२१६६५४८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ बजेट पेश, पारित र अख्तियारी-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।१० मा रु.७१ करोड ३० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०४।०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट ऐनले तोकेको समयभन्दा ढिला पारित भएको छ।समयैमै बजेट पारित गरि बजेट कार्यान्व्यनमा पालिकाले ध्यान दिनुपर्दछ।

६ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार वडाको लागि वडागत योजना २४० र पालिकास्तरका कुल ६२ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	६२	१६	६	४०
२.	वडास्तरीय	२४०	१	१२	२२७
जम्मा		३०२	१७	१८	२६७

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेकोले पालिकाले यस आर्थिक वर्षको दोस्रो त्रैमासिकको अन्त्यमा तयार गरी कार्यपालिकाबाट स्वीकृत गराई लागू गरेको छ । आन्तरिक नियन्त्रण प्रणाली लागू गरेतापनि वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्दश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन

गर्नु पर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन -

वजेट व्यवस्थापन तर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- दिगो बिकास योजना (२०१५ -३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,
- पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन ।
- खन्ने तथा पुर्ने कार्य गर्दा कटिङ्गको परिमाण देखिने क्रससेक्सन ड्रोइङ राखि भुक्तानी दिनुपर्नेमा सो नगरेको कारण कटिङ्गको क्षेत्रफल नापीमा राखेको बराबर हो होइन भनी यकिन गर्न नसिकएको ।

शिक्षातर्फ

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

विविध तर्फ

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख नराखेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको ।

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. ३७३३२२६३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.२७९८४८२६ अर्थात आय अनुमान भन्दा २५ प्रतिशत न्युन आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क तथा व्यवसायक कर वापत रु. 1398198.40 कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ छ भन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालीन लक्ष्य निर्धारण गर्न र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

१३ **आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वयनमा ल्याएको पाइएन। स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२३८०४०७५५ पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो ।

अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	२३,८०,४०,७५४	३,२४,४२,११४	६,१७,८१,५४६	१०,६६,९५,१७९	३७१२१९१५	८,१७,६५,२१४
प्रतिशत	१००	१३.६३	२५.९५	४४.८३	१५.५९	३४.३५

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२३८०४०७५४ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३२४४२११४.(१३.६३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६१७८१५४६ (२५.९५प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१०६६९५१७९ (४४.८३ प्रतिशत) तथा चौथो त्रैमासिकमा रु.३७१२१९१५ (१५.५९ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८१७६५२१४(३४.३५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१७ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २० देखि ३५.१७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	Wada No 2 Bibhinna Sadak Kalopatrey (Package)	G.R/NCB/WORKS/10-081-082	यसुकि निर्माण सेवा	३६१८७९२९।७९	२४१४८२५८.२२	३३.२७
२	Wada no 6 Bibhinna Sadak kalopatrey (package)	G.R/NCB/WORKS/11-081-082	स्टोन व्रिज कन्स्ट्रक्सन	१२३६८२८१।५	८११५९९५.२१	३४.३८
३	Wada No. 1 Bibhinna Sadak Kalopatrey (Package)	G.R/NCB/WORKS/13-081-082	स्टोन व्रिज कन्स्ट्रक्सन	६८१२०००	४९९८७६३.९८	२६.६
४	Uday Mishra Ko Ghar Dekhi Uttar Purba Ko Bato Kalopatrey ra Nala Nirmaan	G.R/NCB/WORKS/12-081-082	ए एण्ड एस कन्स्ट्रक्सन	४८७२७३०.९५	३४७५५४२.१२	२८.६७
५	Bibhinna Sadak kalopatre Ward no.7 (Package)	G.R/NCB/WORKS/15-081-082	पृथवी निर्माण सेवा	१४७९९३७२।६३	९५९४०३७.१३	३५.१७
६	Wada no. 2 Chowk Saundaryakaran,Khulla gym tatha falame pul nirmaan(Package)	G.R/NCB/WORKS/16-081-082	आर्यापुत्र ईन्फ्रा	३३११५७६।६३	२५८३९१४.९१	२१.९७
७	Wada no 6 Bibhinna Sadak kalopatrey (package part2)	G.R/NCB/WORKS/17-081-082	केयन विल्डर्स प्रा लि	४१४४९५६।७	३१०५८३६.४४	२५.०७
८	Wada No. 2 Bibhinna Sadak Kalopatrey (Package2)	G.R/NCB/WORKS/19-081-082	समिक्षा कन्स्ट्रक्सन	११७३३३६।७४	८४१२०७२.३६	२८.३१
९	Mahendra Mabi Dekhi Purba Samudayik Bhawan	G.R/NCB/WORKS/26-081-082	राजन कन्स्ट्रक्सन	४८७२३८९।७२	३२५९२२५.२१	३३.११
१०	Bibhinna Sadak kalopatre Ward no.7 (Package-2)	G.R/NCB/WORKS/28-081-082	समिक्षा कन्स्ट्रक्स	५०७१९१।०४	४०५७०५०.६२	२०

१८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	१,८३,२४,०००.००	१,२८,७९,८३५.१५	२.२९
२	पूर्वाधार विकास	१८,१९,३०,५८५.००	१३,५९,३२,८३८.४६	२४.०५
३	सामाजिक विकास	३८,१९,६८,७७७.००	३२,४०,६६,७५१.९९	५७.३४
४	सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र	२,२३,९७,०००.००	१,२५,०७,९९३.७५	२.२१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	९,७९,६३,४०१.००	७,९७,००,५५७.४२	१४.११
जम्मा				**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५७.३४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटी २.२१ प्रतिशत रहेको छ ।

१९ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **म्याद थप**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।

ठेक्का नं	ठेक्काको विवरण	सम्झौता मिति	सम्झौतारकम	सम्पन्नगर्नुपर्ने मिति
G.R/NCB/WORKS/13-081-082	Wada no 1 Bibhinnasadakkalopatre Package	२०८१।१०।०६	४९९८७६३.९८	२०८२ असार १५
G.R/NCB/WORKS/26-081-082	MahendramabiDekhiPurbaSamudayikBhawan	२०८२।०२।०७	३२५९२२५.२१	२०८२ असार १५
G.R/SQ/WORKS/29-081-082	GramthanGapa 4 SwasthyaChaukiBhawanStharunnati	२०८२।०२।१६	९८९४३७.१७	२०८२ असार १५
G.R/NCB/WORKS/17-081-082	Wada no 6 Bibhinnasadakkalopatre (Package part2)	२०८१।१२।०८	३१०५८३६.४४	२०८२ असार १५
G.R/NCB/WORKS/19-081-082	Wada no 2 Bibhinnasadakkalopatre (Package 2)	२०८२।०१।०७	८४१२०७२.३६	२०८२ असार १५
G.R/NCB/WORKS/28-081-082	Bibhinnasadakkalopatre Wada no 7 (Package 2)	२०८२।०२।१६	४०५७०५०.६२	२०८२ असार १५
G.R/NCB/WORKS/25-081-082	Boring SamagriKharid		१७०१०९३.७५	२०८२ असार १५

२१ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२२ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२३ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र मर्मत गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२४ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, २ वटा नियमावली, १९ वटा कार्यविधि लगायत ३८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ७ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३

महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २८ र यो वर्ष थप भएको ५३ गरी कुल ८१ विवाद दर्ता भएकोमा ५८ वटा मात्र फस्यौंट भई २३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ४३ संघसंस्था र व्यक्तिहरुलाई रु.४९९९८५ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. रु.२७९८४८२६.४५ को १.७९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत नहर सफाइ,बाटो सरसफाइ लगायतका कार्य ७ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष १४२ जनालाई औसत २३.२८ दिनले ३२८१ दिन रोजगारी उपलव्ध गराई रु. २२०९०७६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय

अधिकृत सहित ८० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ९६ जना पदपूर्ति भएको देखिन्छ ।साथै स्वास्थ्य तर्फको दरबन्दी ४२ रहेकोमा ५८ जना पदपूर्ति भएकोमा १६ जना फाजिलमा रहेको नर्सिङ्ग, छैठौं २,नर्सिङ्ग, पाँचौ १०,हे. ई., पाँचौ , ३,कार्यालय सहयोगी १ पालिकाले जानकारी गराएको छ।

३० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध शिर्षकबाट रु.१४ लाख ८५ हजार खर्च गरेको देखिन्छ उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु.२ करोड ७९ लाख ८४ हजार हजारको तुलनामा ५.३ प्रतिशत रहेको छ । यस्ता खर्च अतिथि खाना, खाजा, होटल बिल लगायतमा खर्च हुने गरेको देखिन्छ ।उल्लेखित प्रकृतिका खर्च नियन्त्रण गर्दै उत्पादनमुलक एवं परिणाममुखी कार्यमा खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३१ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राखुपर्नेमा राखे गरेको छैन । कार्यालयवाट यस बर्ष भएको कन्टिन्जेन्सी खर्च विवरण माग भएकोमा रु.८७४७८४ विवरण उपलव्ध गराएको छ। । अतः नियमावलीमा भएको व्यवस्था बमोजिम कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

३२ **भ्रमण खर्च**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु. १७ लाख २८ हजार खर्च गरेको छ । कोशी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.

वडाका जनप्रतिनिधिहरुले आफ्नो वडाभन्दा बाहिर गएर पर्यटन प्रवर्दन,योजना अनुगमन जस्ता कार्यका लागि स्पष्ट पालिकाको काम भन्दा भिन्न कामको लागि भ्रमण खर्च लिएको देखिन्छ।

केही कर्मचारीहरुलाइ स्पष्ट भ्रमणको उद्येश्य नभई भ्रमण खर्च भुक्तानी भएको छ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य वेग भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३३ **इन्धन खर्च**

अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धन खर्चमा यस वर्ष रु.१९ लाख ९९ हजार खर्च लेखेको छ। पालिकाको कुन कुन सवारी साधनमा के कति इन्धन खर्च भएको हो विवरण पेश नभएकोले इन्धनमा भएको खर्च सम्बन्धमा यकिन हुन सकिएन ।

इन्धन खर्च लेख्दा PAMS मा प्रविष्ट गरी लगबुक राखेर मात्र खर्च लेखुपर्नेमा PAMS मा प्रविष्टी गरेको देखिएन ।

इन्धन आपूर्तिकर्ताले नेपाल आयल निगमवाट तोकिएको दरमा इन्धनको बिल जारी गर्नुपर्नेमा सो अनुसार नगरी लामो अवधिको एकैपटक बिल जारी गरेको र सोही अनुसार भुक्तानी भएकोले सम्बन्धित अवधिको तोकिएको दर भन्दा बढी दरमा भुक्तान हुन सक्ने देखिन्छ । यसमा नियन्त्रण गर्नुपर्दछ।

३४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालय	दरवन्दि	पदपूर्ति	करार	विद्यार्थि संख्या
श्री बीरेन्द्र मावि ग्रामथान १	११	११	२	२२७
श्री बेगनलाल आवि ग्रामथान १	९	९	४	३६९
श्री सरस्वती मावि ग्रामथान २	१८	१८	३	१७०१
श्री बीरेन्द्र मावि ग्रामथान २	१०	१०	२	१८१
श्री रवि आवि ग्रामथान २	९	९	४	३४८
श्री दुर्गा आवि ग्रामथान २	३	३	२	४३
श्री बाणी मावि ग्रामथान ३	११	११	२	११९
श्री ग्रामदेव आवि ग्रामथान ३	३	३	२	४८
श्री लक्ष्मी आवि ग्रामथान ३	३	३	२	३९
श्री राधाकृष्ण आवि ग्रामथान ३	४	४	३	९८
श्री महेन्द्र मावि ग्रामथान ४	११	११	२	१६७
श्री बाल विधामन्दिर आवि ग्रामथान ४	२	२	३	३१
श्री ग्रामकालिका आवि ग्रामथान ४	५	५	३	९५
श्री ईश्वर आवि ग्रामथान ४	२	२	१	४०
श्री जनता साआवि ग्रामथान ४	३	३	२	३१
श्री लोहन्द्रा आवि ग्रामथान ४	३	३	३	७१
श्री राम जानकी आवि ग्रामथान ४	०	०	२	१६
श्री देवी मावि ग्रामथान ४	१२	१२	२	१२१
श्रीआदर्शशिक्षानिकेतनआविग्रामथान५	८	८	३	८७
श्री जनता आवि ग्रामथान ५	६	६	४	१२२
श्री बिद्यामन्दिर आवि ग्रामथान ५	७	७	२	११२
श्री पब्लिक मावि ग्रामथान ६	२३	२३	४	४९४
श्री रानी आवि ग्रामथान ६	३	३	२	८१
श्री जनता आवि ग्रामथान ७	२	२	२	३०
श्री गणेश मावि ग्रामथान ७	१२	१२	२	२१०
श्री सरस्वती आवि ग्रामथान ७	१	१	३	३५

श्री राधा कृष्ण आवि ग्रामथान ७	३	३	४	१४१
शिक्षा विकास बाविके ग्रामथान १	२	२	२	४४
जम्मा	१९०	१९०	७२	५१०१

शिक्षक दरवन्दिको तुलनामा केहि विद्यालयमा अत्यन्त कम विद्यार्थिहरु रहेकोले विद्यालयहरु समायोजन गरी सञ्चालन गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ।

३५ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र ई-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३६ **पेश्की बांकी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ५ वमोजिम खरिद सम्झौतामा उल्लेख भए वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। निम्न व्यक्ति तथा निर्माण व्यवसायीको पेश्की आर्थिक वर्षको अन्तसम्म फस्र्यौट नभएकोले पेश्की समयमै फछ्र्यौट गर्नुपर्दछ।

क्र.स	पेश्की लिएको मिति	पेश्कि लिने	पेश्कीको विवरण	पेश्की रकम	कैफियत
म्याद नाघेको					
१	२०८२/०३/२५	आशिष श्रेष्ठ	राजस्व तालिम	५००००	कार्यक्रमसंचालन भै फछ्र्यौट हुने क्रममा रहेको
म्याद ननाघेको					
२	२०८१/१२/२२	केयन बिल्डर्सप्रा.लि.	मोविलाईजेशन पेश्की	५५४७९	निर्माण सम्पन्न भै भुक्तानीको क्रममा रहेको
३	२०८२/०१/०९	केयन बिल्डर्सप्रा.लि.	मोविलाईजेशन पेश्की	२७७३९५	
४	२०८२/०२/२६	समिक्षा कन्स्ट्रक्सन	मोविलाईजेशन पेश्की	३३९२९७	
५	२०८२/०३/०३	समिक्षा कन्स्ट्रक्सन	मोविलाईजेशन पेश्की	३३९२९७	
जम्मा				१०६१४६८	

पेश्की	५०,०००

३७ **घटि मूल्य समायोजन नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ बमोजिम तथा खरिद सम्झौताको शर्त बमोजिम कार्यालयले निर्माण व्यवसायीलाई भएको निर्माण कार्यको मुल्य समायोजन गणना गरी भुक्तानी दिने उल्लेख छ। मुल्य समायोजन गणना गर्दा निर्माण व्यवसायि ठेक्का कबोल गर्दा पेश गरेको मुल्य समायोजन सिटमा उल्लेख भएको कोफिसेन्ट, विड सब्मिशन गरेको मितिभन्दा ३० दिन अघिको नेपाल राष्ट्र बैंकबाट जारी भएको इन्डेक्स अनुसार गणना गरी भुक्तानी दिनुपर्नेमा एम एस माइ भगवति डाँडा जेभिले निर्माण कार्य गर्दा देहाय अनुसार घटि मुल्य समायोजन देखएकोले आगामी विल भूक्तानी गर्दा रु.८२१६४६ रकम कट्टा गरि भूक्तानी गर्नुपर्ने रु.(विस्तृत विवरण अनुसुचिमा रहेको छ)

(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	८,२१,६४६

३८ **भर्पाइ पेश नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । अदिवासी थारु महिला सांस्कृतिक सग्राहालयलाइ प्यानल लाइट,१६ थान,MCB २थान तथा बल्ब १०थान रु.४५९५८ मा खरिद गरि वितरण गरेकोमा हस्तारण वा भर्पाइ गरेको प्रमाण पेश नभएकोले भर्पाइ प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४५,९५८

३९ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले आफ्नो छुट्टै बजेट र अख्तियारी भएको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी खर्च लेखेकोले पाइयो।यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

भौ.न/मिति	खर्च विवरण	निकायको नाम	रकम
८२।२०८१।३।२३	चौकि व्यवस्थापन	मोतिपुर प्रहरि चौकि	७५०००
	गेट निर्माण	इलाका कार्यालय बेलबारी	४०००००
	भवन मर्मत	प्रहरि चौकि तेतरिया	४०००००
	वाल निर्माण	झोराहाट प्रहरि चौकि	२०००००
४१०।२०८२।१।१४	मोटरसाइकल मर्मत सामाग्री	मोतिपुर प्रहरि चौकि	४९९५०
	जम्मा		११२४९५०

४० **अवलोकन भ्रमण तथा वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.१७७१८०७ खर्च गरेको देखिन्छ उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु. २७९८४८२६ लाख हजारको तुलनामा ६.३३ प्रतिशत रहेको छ । उल्लेखित प्रकृतिका खर्च नियन्त्रण गर्दै उत्पादनमुलक एवं परिणाममुखी कार्यमा खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

भौ.न/मिति	खर्चको विवरण	रकम	कैपियत
११६। २०८१।८।४	तिरपाल खरिद तथा वितरण (वडा नं.४)	९९४४०	भर्पाइमा फोन नं.उल्लेख नगरिएको
११९। २०८१।८।६	फोहरमैला व्यवस्थापन तथा सरसफाइ अवलोकन भ्रमण २ नं. वडाका जनप्रतिनिधिहरुको धनकुटा तथा इलाम	२६७००	
२६७। २०८१। ११।२	दलित तथा अपाङ्ग हरुलाइ १२५ वटा फाइबर सिरक वितरण (वडा नं७)	१९७७५०	भर्पाइमा फोन नं.उल्लेख नगरिएको
२७३। २०८१। ११।४	विपन्नलाइ न्यानो सिरक १२५ थान वितरण (वडा नं५)	१९७७५०	भर्पाइमा फोन नं.उल्लेख नगरिएको
२७८। २०८१। ११।५	वेगनलाल आधारभूत विद्यालयको शैक्षिक अवलोकन भ्रमण	५००००	
२७९। २०८१। ११।५	बिरेन्द्र मावि लखन्तरि शैक्षिक अवलोकन भ्रमण	६५०००	
३०७। २०८१। ११।१८	अपाङ्ग सम्बन्धि कार्यक्रममा सिरक वितरण ६३ जनालाइ(वडा नं२)	९९६६६	
३८०। २०८१। १२।२९	कर्मचारी तथा जनप्रतिनिधि अवलोकन भ्रमण (वडा नं६)	९९७५०	
३९२। २०८२।१।८	कृतन मण्डलिलाइ बाजा वितरण (वडा नं६)	५०७३७	
४०५। २०८२।१।१४	कृषि प्राविधिकहरुको अवलोकन भ्रमण	२५०००	
४१२। २०८२।१।१५	खेलकुद सामाग्रि वितरण वडा नं.२	१३९८९४	
२०८२।१।२६	एकल महिला उपभोक्ता समितिलाइ अवलोकन भ्रमण वडा नं.३	९७९२०	
२०८२।२।२०	एकल महिला कार्यक्रमको अवलोकन भ्रमण वडा नं.३	१५००००	
४८७। २०८२। २२२०	उपभोक्ता समितिबाट भएका कामको जनप्रतिनिधिबाट अवलोकन भ्रमण वडा नं.२	९९०००	
५०९। २०८२।२।२८	एकल महिला सम्बन्धि कार्यक्रमको अवलोकन भ्रमण वडा नं.३	१०००००	

५२५। २०८२।३। ३	अपाङ्ग व्यक्तिलाइ झुल वितरण वडा नं.४	७५०००	
५१३। २०८२।३। ४	वडा कर्मचारी तथा जनप्रतिनिधि अवलोकन भ्रमण वडा नं.४	१९८२००	
	जम्मा	१७७१८०७	

४१ **जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा कारोवारको लेखा ठिकसंग नराखेको कारणवाट कुनै किसिमको हानी नोक्सानी वा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ती जिम्मेवार व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरिने छ भन्ने व्यवस्था रहेको छ। विद्युतर्कोविलको रकम भूक्तानी गर्न विलम्ब भएका कारण निम्नानुसार जरिवाना तिरेको पाइयो। यसरि जरिवाना तिरेको रकम पालिकालाइ व्ययभार परेको रु.

भौ.न/मिति	विल रकम	जरिवाना रकम	कैफियत
१६६।२०८१।९।९	२१३१८	५३२९	कार्यालयको
	३२५१	१६२	
४३४।२०८२।१।२५	२०९४९	५२३७	वडा नं.७ को सडक बत्ति
	६२७	३१	
	४१७६९	१०४४२	
	१९१९	९६	
	७४७४	१८६८	
	१००७	५०	
	२३४०	५८५	
	५४०	२७	
	३५९८२	८९९५	
	३२०८२	८०२०	
	१४३८	७२	
	११९४२	२९८५	
	७०८	३५	
	३८६६	९६६	
	५९१	२९	
	१२०२५	३००६	
	१२६३३	३१५८	
४५०।२०८२।२।७	४८३९	१२१०	वडा नम्बर २ को सडक बत्ति
	१३१४	१३१	
	७१७२	१७९३	
	१४८९	७४	
	५३८	५३	
५५२।२०८२।३।९	९५४३	२३८५	वडा नम्बर १ को सडक बत्ति
	२६८८	१३४	
५८७।२०८२।३।१६	३५१५	६७८	
६५०।२०८२।३।२३	७२००	१८००	तेतरिया स्वास्थ्य चौकि
जम्मा	२५०७५९	५९३५१	

अनियमित भएको	५९,३५१

४२ **खरिदको आधार**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ (२) (क) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक

लागत स्थानीय वजारमा प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । निश्चित आधार नलिइ पालिकाले देहायका भौचरबाट कृषि बिउ तथा खरिद गर्दा कोटेशन माग गरि सोको आधारमा कम कवोल गर्ने आपुर्तिकर्ताबाट खरिद गरेको पाइयो। यसरि खरिदको निश्चित दरको आधारबेगर खरिद गरेकोले अनियमित देखिएको रु.

भौ.न.	**विवरण (हाइब्रिडमकै)**	**परिमाण के.जि**	**खरिद दर**	**जम्मा**
१५४।२०८१।८।२८	विस्को ९७ गोल्ड	५६०	६५०	३६४०००
	पि.एल ३३००	११२	४००	४४८००
	एच.पि २२२	१२८	७००	८९६००
१६५।२०८१।९।९	विस्को ९७ गोल्ड	५७२	६५०	३७१८००
	एच.पि २२२	३१६	७००	२२१२००
	विस्को ९४०	३२	३७५	१२०००
	पि.एल ३३००	४६८	४००	१८७२००
	एन एम एच ३३५९	८०	९५०	७६०००
१७६।२०८१।९।१६	विस्को ९७ गोल्ड	१२८	६५०	८३२००
	एन एम एच ३३५५	८०	९५०	७६०००
९०।२०८२।१।१४	९७ गोल्ड	४५०	७३०	३२८५००
	सि पि	२००	७५०	१५००००
			जम्मा	२००४३००

अनियमित भएको	२०,०४,३००

४३ **परामर्श सेवाको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम (४) सँग सम्बन्धित अनुसूची १क मा परामर्श सेवाको लागत अनुमानको ढाँचा तोकेको छ । सो ढाँचामा लागत अनुमानको ४ प्रतिशत कार्यालयको व्यवस्थापन खर्च समावेश गर्न सक्ने व्यवस्था छ । पालिकाले लोहन्द्रा खोलामा नदिजन्य पदार्थको परिमाण यकिन गरि सर्भे नक्सा तयार गर्ने कार्यको लागि कुमारी एण्ड सन इन्जिनियरिङ कन्सल्टयान्ट प्रालिबाट लागत अनुमान रु.३७३७१३ तयार गर्दा व्यवस्थापन खर्च बापत रु.१४९४८ खर्च लेख्न पाउनेमा रु.३११४२खर्च लेखेको पाइएकोले रु.१६१९४ बढी भुक्तानी भएको देखियो । नियमावलीको व्यवस्था भन्दा बढी व्यवस्थापन खर्च समावेश गरी भुक्तानी दिएको रकम सम्बन्धित परामर्शदाताबाट असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	१६,१९४

४४ **हलभाडा भुक्तानी** (३६-2082-03-10):

पालिकाको बार्षीक स्वीकृत कार्यक्रम अनुशार उद्यमी तथा ब्यापारीहरुको लागि ब्यावसायिक योजना निर्माण सम्बन्धी कार्यक्रम दुई सिफ्टमा मिति २०८२।२।२९देखी आषाढ २ र मिति २०८२आषाढ ४ देखी ८ गते सम्मा जम्मा १० दिन स्वास्थय चौकीको सभाहलमा सम्पन्न भएको देखिन्छ । कार्यक्रम संचालक आन्नद सिह खवासले पेश्की फर्छोट गर्दा हलभाडा बापत प्रतिदिन रु ५०० को दरले रु ५००० बुझिलिएको देखिन्छ । त्यसैले स्वास्थ्य चौकीको सभाहलमा संचालन भएको कार्यक्रमा ब्यक्तीले हलभाडा बुझिलिएको

देखिएकोले बहाल कर रु ५०० कट्टी पछीको रकम सम्बन्धीत स्थास्थ्य चौकीको खातामा जम्मा गरेको भौचर पेश गर्नु पर्ने रु ४५००

असुल गर्नुपर्ने	३,५००

४५ **आन्तरिक आय ठेक्का**

सार्बजनिक खरीद ऐन २०६३ दफा ३५ को उपदफा १ बमोजिम बोलपत्र मुल्याकन गरी क्रमश प्राथमिकता क्रमनिर्धारण गरी दफा ५२ बमोजिम खरीद सम्झौता गर्नुपर्ने ब्यवस्था छ ।पालिकाले आ ब २०८१।०८२ मा पालिका अन्तरगत रहेको लोहान्द्रा खोला बाट गिट्टी र बालुवा उत्खन्न गरी विक्री गर्नको लागि IEE प्रतिबेदन तयार गरी रु ८२१८०७९।७० अंकमा मिति २०८१।६।३० तगे बोलपत्र आवहान गरेकोमा सुचनाको सुचनाको अन्तिम मिति सम्म ४ वटा बोलपत्र दर्ता भएको देखिन्छ ।मिति २०८२।८।३ गते बोलपत्र मुल्याकन समितिले अधिकतम अंक प्रस्ताब गर्ने क्रमश जयमा काली निर्माण सेवा भ्याट सहित रु ३१५०१८८६।८८, डि एन एस ब्रोदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्सले रु २७१२०००, एन पी निर्माण सेवाले रु २६७७७७७६ र राना काली माताले रु १३०९९९९९।९४ का बोलपत्रहरु छनौट गरी क्रमसंख्या निर्धारण गरेको देखिन्छ ।सार्बजनिक खरीद ऐन अनुशार अधिकतम मुल्याङकित सारभुतरुपमा प्रभावग्राही जयमाकाली निर्माण सेवा मोरङ लाई मिति २०८१।८।१८ मा सम्झौताको लागि पत्राचार गरिएकोमा म्यादभित्र सम्झौता गर्नआएको देखिदैन त्यस पछि दोस्रो र तेस्रो बोलपत्रदाता लाई सम्झौताको लागि पत्राचार गर्दा तिनिहरु समेत म्यादभित्र सम्झौता गर्नआएको देखिदैन । पालिकाले खरिद सम्झौता गर्न नआउने बोलपत्र दाताहरुलाई कालोसुचिमा राख्नको लागि विभिन्न मितिमा सार्बजनिक खरीद अनुगमन कार्यालयलाई पत्राचार गरेको छ ।नियम अनुशार चौथो बोलपत्रदाता सग समेत सम्झौता गरी ठेक्का सम्पन्न गर्नु पर्नेमा कार्यपालिकाको मिति २०८१।१०।३० को निर्णय अनुशार तेस्रो र चौथो बोलपत्रदाताको विचमा असोभावीक रुपमा कम कबोल अंक देखिएको भनी निर्णय गरेर ठेक्का रद्द गरेको देखिन्छ ।जसबाट पालिकाको रु १३०९९९९९।९४ आन्तरीक आय घटी संकलन भएको देखियो।

४६ **फरक प्रकृतिको कार्य** (४१-2082-03-18):

पालिकाले कार्यक्रमको उदेश्य अनुशार अनुभव हासिल गरेको र कार्यक्रमको प्रकृती अनुशार सम्बन्धीत क्षेत्रको सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गर्नु पर्नेमा फरक प्रकृतिको कार्य तथा सेवाप्रदान गर्ने संस्था छनौट गरी महिला तथा किशोरीहरुका लागि आत्मा रक्षा सम्बन्धी तालिम मिति २०८२।३।९ देखि २०८२।३।१२ गते सम्म पालिका अन्तरगत ४ वटा विधालयमा संचालन गरी गौरी भक्त होटल म्यानेजमेन्ट एण्ड प्राविधिक तालिम प्रा लि लाई रु १४८००० भुत्तानी गरेको देखिन्छ । सो सस्थाले पालिकामा पेशगरेको संस्थाको विधान तथा प्रस्ताब परीक्षण गर्दा सुरक्षा सम्बन्धी तालिम संचान गर्ने अनुमती तथा सुरक्षा सम्बन्धी कुनै पनी तालिम तथा कार्यक्रम बिगतमा संचालन गरेको अनुभव देखीदैन जसबाट खर्चको औचित्य पुष्टीहुने देखिदैन ।त्यसैले कार्यक्रमको उदेश्य विपरीत भएको खर्च अनियमित देखिएको रु १४८०००

अनियमित भएको	१,४८,०००

४७ **सडक पोलबत्तीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा लागत अनुमान बनाउँदा ध्यान दिनुपर्ने विषय तथा आधार लिनुपर्ने कुराहरुको विषय उल्लेख रहेको छ । पालिकाले सडक पोलबत्तीको कार्य सडक पोलबत्ती उ.स. ग्रामथान ४ मार्फत गरेकोमा 30Watt को LED वल्वको लागत अनुमान ८०५/- का दरले गरेकोमा online check गर्दा पालिकाले खोजेको specification अनुसारको LED वल्वको बजार मूल्यभन्दा बढीको लागत अनुमान कायम भएको देखिएकोले ४२७ वटा वल्व खरिदका लागि लागत अनुमान गरेकोमा बजार मूल्य भन्दा बढी दरको लागत अनुमान कायम भएकोले पालिकालाई बढी व्ययभार परेको देखियो । यसरी लागत अनुमान गर्दा बजार मूल्यको समेत आधार समेत लिनुपर्ने देखिन्छ । साथै सो कार्य भएकोमा वल्वको warranty/Guaranty अवधि पेश हुनुपर्नेमा नभएकोले सो को warranty/Guaranty को अवधिको प्रमाण पेश हुनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	३,८८,४८३

४८ **सुरक्षित गर्भपतन सेवाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद ४ दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद ६ को ख (अ) मा १२ हप्तासम्मको गर्भका लागि गर्भपतन सेवा प्रदान गरे वापत प्रति केस रु.८००।०० दिन व्यवस्था छ । पालिकाले भौ.न. ५०-२०८१।११।१२ बाट ४८ जनाको रु. ३८,४००।०० भुक्तानी दिएको र भौ.नं. १७५-२०८२।०३।२४ बाट ४६ जनाको रु. ३६,८००।०० भुक्तानी गरी कुल रु. ७५,२००।०० प्राथमिक स्वास्थ्य केन्द्र झोराहाटलाई दिएको छ । स्वास्थ्य शाखाको **DTHS-2** बमोजिम ८५ जनाले मात्र गर्भपतन सेवा लिएको देखिन्छ। जस अनुसार ९ जनाको रु. ७,२००।०० बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७,२००

४९ **बढीको भुक्तानीः**

आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्नेब्यवस्था छ । पालिकाले भौ.न. १६२-२०८२।०३।२० मा गरिवसँग विश्वेश्वर कार्यक्रम लागु भएका स्थानीय तहमा कार्यक्रम संचालन खर्च वापत को रकम रु. १,४२,४१६।०० मुना लुइटेललाई भुक्तानी भएकोमा खर्चको विल भरपाई रू. १,२९,००१।०० मात्र रहेकोले बढी भुक्तानी भएको रकम रु. १३,४१५।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१३,४१५

५० **कार्यविधिले तोकेभन्दा बढी अनुदानः**

मिति २०८१।०६।२२ को मन्त्रिस्तरीय निर्णयानुसार स्वीकृत प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद २ मा व्यवस्थापकीय पक्षको दफा ५ (ङ) मा अनुदान रकमको सिमा र प्रतिशत कृषि सामग्रीको हकमा अनुदानको सीमा पचास प्रतिशत हुने र दफा २५ को (च) (आ) मा पहिलेदेखि नै क्रियाशील सामुदायिक वीउ बैंकहरुलाई सुदृढीकरण कार्ययोजनाको आधारमा लागतको ५० प्रतिशत नबढने गरी पूर्वाधार निर्माण सुधार तथा मेशिनरी उपकरणमा सहयोग गर्न सकिने व्यवस्था छ । पालिकाले कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक वीउ बैंक सुदृढीकरण कार्यक्रम अन्तर्गत पहिलेदखि नै क्रियाशिल चारपाते कृषि सहकारी संस्था लि. सँग सम्झौता गरी भौचर नं. १८१-२०८२।०३।२४ बाट रु. २,८१,८५९।०० भुक्तानी भएको छ । संस्थाले सामुदायिक वीउ बैंक सञ्चालका लागि सामग्री व्यवस्था गर्न (आलमोनियम फाइल व्याग, ड्रम सिडर, ब्यालेन्स एण्ड एनलाईकल मेशिन लगायत) रु. १,१२,१३६।०० खरिद गरेकोमा ५० प्रतिशतसम्म रु.५६,०६८।०० अनुदान दिनुपर्नेमा ७५ प्रतिशतले रु. ८४,१०२।०० अनुदान दिएकोले बढी अनुदान दिएको रु. २८०३४ सम्बन्धित सहकारी संस्थाबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२८,०३४

५१ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरुवाट रु. १७,४३,८६७।०० को औषधी ईविडिङ र कोटेशन द्वारा खरिद गरेको छ। विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

गो भौ न ।मिति	आपूर्तिकर्ताको नाम	खरिद विधि	रकम
८८-२०८२।०१।१४	गीतास्विनी प्रोमेड प्रा.लि.	शिल्ड कोटेशन	३८६३७५
१४९-२०८२।०३।१७	गीतास्विनी प्रोमेड प्रा.लि.	शिल्ड कोटेशन	४६४५५०
पालिका चालु ८-२०८१।०८।०२	त्रिजुल मेडिसिन सप्लायर्स	कोटेशन	४९७४७५
पालिका चालु ३०-२०८२।०१।१७	भारद्धाज औषधालय	कोटेशन	३९५४६७
जम्मा			१७४३८६७

- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधी खरिद गरेकोमा आम्दानी बाँधी वितरण र मौज्यातको अवस्था एकिन गरी व्यवस्थित अभिलेख नराखेको,
- पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्बन्धमा अनुगमन नभएको,
- औषधी खरिद गर्दा एकमुष्ठ ईविडिङ नगरि विभिन्न समयमा कोटशन लिने गरेको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार **LMIS** मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५२ **अनुदानः**

सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ।साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरेर मात्र वितरण गर्नु पर्दछ ।यस वर्ष संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन।

भौनं	**विवरण**	**रकम**
१८१-२०८२।०३।२४	कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक वीउ बैंक सुदृढीकरण कार्यक्रम	३९७३३२
१५९-२०८२।०३।३०	चैते धान प्रबर्द्धन कार्यक्रम	९९४१००
११५-२०८२।०३।०५	खाद्यन्न वालीको उन्नत वीउ उपयोगमा कार्यक्रम मार्फत ५०% अनुदानमा धानको विउ वितरण	३०३१०५
९०-२०८२।०१।१४	हिउदे मकै प्रवर्द्धन कार्यक्रममा ५०% अनुदानमा मकै विउ वितरण	६९०२५०
३९-२०८१।०९।१७	खाद्यन्न वालीको उन्नत वीउ उपयोगमा कार्यक्रम मार्फत ५०% अनुदानमा गहुँको विउ वितरण	५३३८००
२७-२०८१।०८।१७	खाद्यन्न वालीको उन्नत वीउ उपयोगमा कार्यक्रम मार्फत ५०% अनुदानमा धानको विउ वितरण	१८५३००
जम्मा		३१०३८८७

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

क) अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

ख) अनुदानमा खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

ग) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकाबाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ । प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।

५३ **वीउ पुँजीः**

मिति २०८१।०६।२२ को मन्त्रिस्तरीय निर्णयानुसार स्वीकृत प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा २५ मा कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक वीउ बैंक सुदृढीकरण कार्यक्रमको उपदफा ३ को (ई) मा कृषि जैविक विविधता संरक्षणका विविध गतिविधिहरु कार्यान्वयन गर्न वीउ साटासाट एवम खरिद गर्न सदस्यहरुको अत्यावश्यक आवश्यकता पूरा गर्नको ऋण प्रवाह गर्ने आदि कार्यको लागि कोष खडा

गर्न सामुदायिक विउ वैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक समुह तथा सहकारीलाई वीउ पूर्जी उपलब्ध गराउन सकिने छ । यस्तो कोष खडा गर्न चाहिने सामुदायिक वीउ वैंक वा कृषक समुह वा कृषि सहकारीलाई अधिकतम रु. १ लाख वीउ पूँजी उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक वीउ वैंक सुदृढीकरण कार्यक्रम अन्तर्गत चारपाते कृषि सहकारी संस्था लिमिटेडसँग सम्झौता गर्दा पालिकामा पेश गरेको प्रस्ताव नम्वर ५ मा बीउ पूँजी कोष स्थापना गर्न कृषि सहकारीले २५ हजार र पालिकाबाट १ लाख अनुदान दिई संचालन गर्ने गरी सम्झौता भएको देखिन्छ । संस्थाले सम्झौता वमोजिम कार्य नगरेकोले पालिकाले भौ.न. १८१-२०८२।०३।२४ बाट ग ५१ स्थानीय तहको विविध कोष खातामा रु.१,००,०००।०० दाखिला गरेको छ । यसरी संघीय सर्शतबाट प्राप्त अनुदान सोही शिर्षकमा खर्च नभएकोले संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

५४ **छात्रबृत्तिः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१. को उपक्रियाकलाप न. ४.२ मा छात्रा छात्रवृत्ति (कक्षा १-५) दलित छात्रवृत्ति (कक्षा १-५) ४०० र आधारभुत तह कक्षा १-५ मा अध्ययनरत लक्षित समुह विद्यार्थीका लागि छात्रवृत्ति ५०० का दरले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति अनुदान निकासा गर्नुपर्ने र वितरण पश्चात छात्रवृत्ति वुझाएको भरपाई सम्बन्धित पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा र छात्रा छात्रवृत्ति (कक्षा १-८) दलित छात्रवृत्ति (कक्षा १-८) ४०० र आधारभुत तह कक्षा १-८ मा अध्ययनरत लक्षित समुह विद्यार्थीका लागि छात्रवृत्ति ५०० का दरले भौ.न. १०२-२०८२।०२।०७ बाट रु. ६,३४,६००।०० निकासा गरेको छ । निकासा दिएको विद्यालयहरुको नमुना छनौट गरी छात्रबृत्ति वितरणको श्रेस्ता परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकासा गरेको रकम भन्दा कम रकम खर्च भएको भरपाई पेश गरेकोले बढी निकाशा भएको रकम रु. २१,९००।०० सम्बन्धित विद्यालयबाट असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

सि.न.	विद्यायलयको नाम	निकाशा रकम	वितरण रकम	बाँकी रकम
१	पब्लिक मा.वि. ग्रामथान ६	११३४००	११२६००	१३९००
३	वेगनलाल आ.वि. ग्रामथान १	८१२००	७३२००	८०००
जम्मा				२१९००

असुल गर्नुपर्ने	२१,९००

५५ **पाठ्यपुस्तक अनुदानमा बढी निकासाः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.१. मा सार्वजनिक विद्यालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वापत शैक्षिक सत्रको शुरुवातमै ७५ प्रतिशत अनुदान निकासा गर्ने र पाठ्यपुस्तक खरिद गरि वितरण भरपाई सहित खरिद गरेको विल भरपाई पेश गरि बाँकी २५ प्रतिशत अनुदान सोधभर्ना गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.न. ७५-२०८१।१२।२२ बाट रु. २०,८६,५५२।०० भौ.न. ११६-२०८२।०३।०८ बाट रु. ५,५१,३५३।५१ गरी २८ विद्यालयलाई रु. २६,२७,९०५।५१ निकासा दिएकोमा विद्यालयहरुको नमुना परीक्षण गर्दा पब्लिक मा. वि. ले विद्यार्थीलाई वितरण गरेको भरपाई भन्दा बढीको विल पेश गरेको आधारमा बढी रकम निकासा दिएकोले उक्त रकम विद्यालयबाट असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

कक्षा	विलमा विद्यार्थी संख्या	भरपाईमा विद्यार्थी संख्या	बढी विद्यार्थी संख्या	दर	बढी निकासा
२	४१	१५	५	५५६.८	२७८४
३	२०	१४	६	५८०.८	३४८५
४	२५	१७	८	६०२.८	४८२२
५	२५	१९	६	६३३.६	३८०२
६	५०	३७	१३	७०८.४	९२०९
८	४५	३८	७	८८२.२	६१७५
९	५०	४५	५	९६८.४	४८४२
जम्मा					३५११९

असुल गर्नुपर्ने	३५,११९

५६ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र विद्यालयहरुसँग समन्वय गरि मौज्दातको स्थिति समेत एकिन गरि वितरण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले तोकिएको कार्यक्रमलाई प्राप्त रकम खर्च गर्दा कार्यक्रमको कार्यविधिमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ। पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार स्यानिटरी प्याड खरिद गरि कक्षा ६ देखि १२ कक्षासम्म पढाई हुने विद्यालयहरुलाई निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गर्न भौ नं १२९ मिति २०८२।०३।११ मा हेल्थ एण्ड हाइजिन प्रोडक्टस प्रा.लि. मार्फत प्रति प्याकेट मुल्य अभिबृद्धि कर समेत रु. २२.०३५ का दरले २०८२० प्याकेट रु. ४,५९,००३।९७ मा बर्षान्तमा खरिद गरी १४ विद्यालयमा वितरण गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम छनः

क) स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ बमोजिम स्यानिटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र स्यानिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा १४ विद्यालयमा वितरण गरेकोले गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरे नगरेको यकिन हुन सकिएन । कार्यविधि बमोजिमको व्यवस्था पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

ख) दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने स्यानिटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्यांकसँग भिडाई आवश्यक हुने संख्यामा स्यानिटरी प्याड उपलब्ध गराउनु पर्नेछ व्यस्था रहेकोमा पालिकाले IEMIS तथ्यांकसँग विद्यार्थी संख्या भिडाई आवश्यक स्यानिटरी प्याड उपलब्ध गराएको देखिएन। पालिकाले उल्लेखित व्यवस्थापको परिपालना गर्नुपर्दछ ।

ग) दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यसव्था रहेकोमा पालिकाले २०८२ असारमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

घ) दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राखुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन। अतः पालिकाले विद्यालयमा निकासा गरेको स्यानिटरी प्याडको खर्च विवरण र मौज्दातको अभिलेख राखुपर्दछ ।

५७ **शैक्षिक प्रतिवेदनः**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/ माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ। पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन । उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।

५८ **मापदण्ड विपरित निकासा (१११-२०८२।०२।२६):**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत शैक्षिक, व्यवस्थापकिय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान रकम स्थानीय तहले शैक्षिक, व्यवस्थापकिय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई छनोट गर्दा कम्तीमा १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अङकलाई मान्ने र उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्धितिय विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने व्यवस्था रहेको छ । यस वर्ष सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि,प्रक्रिया र पद्धति बमोजिम ८८ अंक सहित विद्या मन्दिर आ.वि. प्रथम र ८६ अंक सहित विरेन्द्र मा.वि. दोस्रो भएकोमा प्रथम हुनेलाई २ लाख र द्धितिय हुनेलाई ३ लाख दिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	१,००,०००

५९ **पालिका अनुदानबाट शिक्षक तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । सो बमोजिम नेपाल सरकारले माध्यमिक तहसम्मका स्वीकृत दरबन्दीका शिक्षकको तलब भत्ता वापतको रकम अनुदान दिदै आएको छ । पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरबन्दी स्थायी र करार मार्फत पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत पालिकाबाट निर्णय गराई बजेट विनियोजन गरी विद्यालयलाई तलब भत्ता शिर्षकमा अनुदान दिइएको देखिन्छ। पालिकाको स्वीकृत दरबन्दी बेगर पालिकाबाट तलब भत्ता खाने गरी पालिकाभित्रका २८ विद्यालयमध्ये १० विद्यालयमा १० जना शिक्षक नियुक्ति गरी मासिक रु.२,२७,७९९।०० का दरले चाडपर्व र पोशाक खर्च समेत वार्षिक रु. २९,६१,३८६।०० नेपाल सरकार अनुदान स्रोतबाट खर्च व्यहोर्ने गरी निकासा दिई खर्च लेखेको देखिन्छ । अनुदान पश्चात

सामुदायिक विद्यालयको शैक्षिक सुधारको सम्बन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई गाउँपालिकाको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्बन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन। पालिकाले सार्वजनिक स्रोतको खर्च पश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नु उचित देखिएन।

भौ.न.।मिति	विवरण	रकम
२-२०८१।०६।१३	करार सेवा शुल्क पालिका शिक्षक अनुदानको प्रथम त्रैमासिक	९२४९९८
९-२०८१।०९।१६	करार सेवा शुल्क पालिका शिक्षक अनुदानको दोस्रो त्रैमासिक	७१२५००
१८-२०८१।१२।२५	करार सेवा शुल्क पालिका शिक्षक अनुदानको तेस्रो त्रैमासिक	७११३८८
२०-२०८२।०२।०७	करार सेवा शुल्क पालिका शिक्षक अनुदानको चौथो त्रैमासिक	६१२५००
जम्मा		२९६१३८६

६० **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। नमुनाको रुपमा केही भौचरहरु परीक्षण गर्दा यस गाउँपालिकाले निम्नानुसार भुक्तानीमा वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
६०.१	अंशुमान ए.सि.इ. नारायण जे.भी.	१२२,४४६
६०.२	आर सि कन्स्ट्रक्शन	३०,४८५
६०.३	आर सि कन्स्ट्रक्शन	४३,९७५
६०.४	आर सि कन्स्ट्रक्शन	५७,१४३
६०.५	आर सि कन्स्ट्रक्शन	७६,११३
६०.६	ए एण्ड एस कन्स्ट्रक्शन	२९,२७८
६०.७	केयन विल्डर्स प्रा लि	४७,१३८
६०.८	जुडी खोला देखि उत्तर ग्राभेल योजना उ स	५४,६०७
६०.९	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि	२४,९९६
६०.१०	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि	४६,१२४
६०.११	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि	६१,७८३
६०.१२	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि	८३,४६१

(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	६,७७,५४९

६१ **बैंक जमानत घटी राखेकोः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) मा उपदफा (३) को अवधिभित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ । यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबूल अङ्गको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्नेछ भन्ने उल्लेख रहेको छ । यस पालिकाले निम्नानुसारका निर्माण

कार्यमा लागत अनुमानभन्दा घटी कबोल भएकोमा नियमानुसार राख्नुपर्नेभन्दा घटी बैंक जमानत राखेको देखिएकोले घटी बैंक जमानत सम्बन्धित निर्माण व्यवसायीबाट थप गर्नुपर्ने रु.

भौ.नं./मिति	निर्माण कार्य	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता रकम (with VAT & PS)	राख्नुपर्ने बैंक जमानत	राखेको बैंक जमानत	घटी बैंक जमानत
७६/०८२।१।७	वडा नं. ७ विभिन्न सडक कालोपत्रे	पृथ्वी निर्माण सेवा	१२९४३६९३	८५१०२०१	१७४५५००	१४७२५६२	२७२४५०
						प्रमाण पेश नगरेको	२,७२,४५०

६२ **म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०.(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्नेछ भन्ने उल्लेख छ । नमुना परीक्षण गर्दा यस पालिकाले निम्नानुसार म्याद थप गरेकोमा निर्माण व्यवसायीको निवेदन प्राप्त भएकोमा कति समयमा सकिने हो सो अवधि तथा सो को कार्यतालिका(work time schedule) सहित समय माग गरेको हुनुपर्नेमा म्याद थपको लागि समय तथा कार्यतालिका उल्लेख नगरी निवेदन पेश भएको तथा सोही आधारमा पालिकाले आफ्नै अनुमानमा समय थप गरेको देखियो । यसरी नियमानुसार थप अवधि माग तथा सो को कार्यतालिका समेत पेश हुनुपर्नेमा नभएकोले नियमानुसार थप अवधिको कार्यतालिकाको आधारमा म्याद थप गर्नुपर्दछ ।

क्र.सं.	निर्माण व्यवसायीको नाम	निर्माण कार्य	सम्झौता अनुसारको अवधि	म्याद थप भएको अवधि	सम्झौता रकम	कैफियत
१	आर सि कन्स्ट्रक्शन	वडा नं.६ चतरा नहरदेखि उत्तर खानेपानी टंकी सम्म सडक कालोपत्रे	२०८१।३।१५	२०८१ आश्विन मसान्त	४२७६७८६	म्याद थपका लागि निवेदन समेत पेश भएकोमा माग अवधि नभएको
२	दुराना कन्स्ट्रक्शन एण्ड इन्जिनियर्स प्रा.लि.	विभिन्न सडक कालोपत्रे	२०८१।३।१५	२०८१ आश्विन मसान्त	२३५१४२६	म्याद थपका लागि निवेदन समेत पेश भएकोमा माग अवधि नभएको
३	साहेबगञ्ज कन्स्ट्रक्शन प्रा.लि.	विभिन्न सडक कालोपत्रे	२०८१।३।१५	२०८१ आश्विन मसान्त	२७६१९७३	म्याद थपका लागि निवेदन समेत पेश भएकोमा माग अवधि नभएको
४	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा.लि.	वडा नं. १ विभिन्न सडक कालोपत्रे	२०८२।३।१५	२०८२ आश्विन मसान्त(३ महिना)	४९९८७६४	म्याद थपका लागि निवेदन समेत पेश भएकोमा माग अवधि नभएको
		जम्मा			**१४३८८९४९**	

६३ **पेश्की जमानत(APG) थप नगरी म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०.(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्नेछ भन्ने उल्लेख छ । नमुना परीक्षण गर्दा यस पालिकाले निम्नानुसार म्याद थप भएकोमा पेश्की बाँकी रहेकोमा पेश्की जमानत थप नगरी म्याद थप गरेको देखियो । यसरी नियमानुसार पेश्की जमानतको अवधि थप भएपछि मात्र म्याद थप हुनुपर्नेमा पेश्की बाँकी रहेकै अवस्थामा पेश्की जमानत अवधि थप नगरी म्याद थप भएकोले नियमानुसार पेश्की जमानत थप गरेर मात्र म्याद थप गर्ने व्यवस्था गर्नुपर्दछ ।

क्र. सं.	निर्माण व्यवसायीको नाम	निर्माण कार्य	सम्झौता अनुसारको अवधि	म्याद थप भएको अवधि	पेश्की बाँकी रकम
१	आर सि कन्स्ट्रक्शन	वडा नं.६ चतरा नहरदेखि उत्तर खानेपानी टंकी सम्म सडक कालोपत्रे	२०८१।३।१५	२०८१आश्विन मसान्त	**२२३०२४**

६४ **ल्याव टेस्ट बेगर भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५.(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेछ भन्ने उल्लेख छ । साथै सोही नियमावलीको नियम १२५(३) मा जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ भन्ने उल्लेख छ । नमुना परीक्षण गर्दा पालिकाले निम्नानुसारको कार्यमा ल्याव टेष्ट नगरी भुक्तानी गरेको देखियो । यसरी तोकिएको स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको यकिन नगरी भुक्तानी भएकोले ल्याव टेष्टको प्रमाण पेश हुनुपर्ने तथा स्पेसिफिकेशन र गुणस्तर बमोजिमका नभएको खण्डमा असुल हुनुपर्ने देखिएको रू.

क्र. सं.	निर्माण व्यवसायीको नाम	निर्माण कार्य	भुक्तानी भएको परिमाण	भुक्तानी दर	जम्मा भुक्तानी रकम(भ्याट समेत)
१	आदर्श शिक्षा निकेतन आ वि को interlocking block निर्माण उ स	आदर्श शिक्षा निकेतन आ वि को interlocking block (paving work)	293.69m^2	१८४३.१६	६११६८९
		जम्मा			**६११६८९**

प्रमाण पेश नगरेको	६,११,६८९

६५ **प्रमाण पेश नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। नमुना परीक्षण गर्दा यस पालिकाले निम्नानुसा सिमेन्ट कुर्चीहरु खरिद गरेकोमा उक्त कुर्चीहरु प्रयोग भएकोमा नापी तथा कहाँ कहाँ कति संख्यामा राखेको छ सो को प्रमाण बेगर भुक्तानी भएको देखिएकोले यसरी भुक्तानी भएकोमा नापी र कुन ठाउंमा जडान गरेको हो सोको GPS कोर्डिनेट र जडान सम्पन्न प्रतिवेदन प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु.

क्र. सं.	भौ.नं./मिति	भुक्तानी पाउनेको विवरण	भुक्तानीको विवरण	भुक्तानी भएको रकम	कैफियत
१	१८/२०८१।७।१४	पाथीभरा कंक्रिट उद्योग प्रा लि	४७ वटा सिमेन्ट कुर्ची	३९८३२५	नापी तथा कुर्ची रहेको स्थान प्रमाणित हुने GPS कोर्डिनेट तथा प्राविधिक पुस्ट्याईँ पेश नभएको
२	३१/०८१।९।२६	अन्नपूर्ण उद्योग	२४ वटा सिमेन्ट कुर्ची	१९३९०८	
३	५१/०८१।११।१८	अन्नपूर्ण उद्योग	२४ वटा सिमेन्ट कुर्ची	१९३९०८	
४	७४/०८१।१२।२६	अन्नपूर्ण उद्योग	२४ वटा सिमेन्ट कुर्ची	१९३९०८	
५	७५/०८१।१२।२६	इको फेव स्ट्रक्चर प्रा लि	२६ वटा सिमेन्ट कुर्ची	१९९१९६	
		जम्मा		**११७९२४५**	
	चालुतर्फ				
६	२०६।२०८१।९।२४	वडा नं. ५ मा जडान गरेको	२४ वटा सिमेन्ट कुर्ची	१९३९०८	
७	२३३।२०८१।९।२९	वडा नं. ३ मा जडान गरेको	१३ वटा सिमेन्ट कुर्ची	९९५९८	
		जम्मा		**२९३५०६**	
		कुल जम्मा		**१४७२७५१**	

प्रमाण पेश नगरेको	१४,७२,७५१

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : ग्रामथान गाउँपालिका, मोरङ , ग्रामथान गाउँपालिका , मोरङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हरि प्रसाद भट्टराई	२०८०-४-३२	२०८१-५-२५
कार्यालय प्रमुख	राम राज पौडेल	२०८१-५-२१	२०८१-१०-०१
कार्यालय प्रमुख	बिनोद कुमार भण्डारी	२०८१-१०-२१	२०८२-०५-१५
लेखा प्रमुख	निलेश सापकोटा	२०७५-१२-१३	२०८२-०५-३०

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,६२४,५५७	२,३११,६५१	२,८९१,३३१	०	०	५०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६,८७७,५३९
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६,८७७,५३९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२४५७५१३६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४४०२२७२२०	चालु खर्च	३३८८३७८७५
प्रदेश सरकारबाट अनुदान	३३८८१०००	पूँजीगत खर्च	२३८०४०७५५
राजश्व बाँडफाँट	८४१९९१०३	वित्तीय/अन्य व्यवस्था	१९८६२६४१२
आन्तरिक आय	२७९८४८२६		
अन्य आय	१७६१७०४६७		
कुल आय	७६२४६२६१६	कुल खर्च	७७५५०५०४२
बाँकी मौज्दात		१११५३२७१०	

अनुसूची - २

बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आइ.पि.सि.नं.	निर्माण व्यवसायीको नाम तथा ठेक्का नम्बर	विल रकम (पेश्की तथा VAT बाहेक)	गुणाङ्क हुनुपर्ने फेक्टर	गुणाङ्क भएको फेक्टर	फरक फेक्टर	मूल्य वद्धि दिनुपर्ने	मूल्य बृद्धि दिएको	मूल्य वृद्धि बढी भुक्तानी
१	**M/S Mai Bhagawati-Devidanda JV (GramthanRural/ncb/Works/16-079/080)**	१२४४४१२५.२५	०.९९२	१	(०.००८)	(९९५५३)	०	९९५५३
२		१३८००१६७	०.९८८	१	(०.०१२)	(१६५६०२)	०	१६५६०२
३		१००५२१३१.२५	०.९७८	१	(०.०२२)	(२२११४७)	०	२२११४७
४		१७३२५८३९.३५	०.९८९	१	(०.०११)	(१९०५८४)	०	१९०५८४
५		१४६७१६८६.८३	१.००१	१	०.००१	१४६७२	०	(१४६७२)
६		१६२२६४२४.२३	०.९९६	१	(०.००४)	(६४९०६)	०	६४९०६
	जम्मा							७२७१२०
	भ्याट(१३%)							९४५२६
	कुल जम्मा							८२१६४६

बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -४

भौ.नं./मिति	निर्माण कार्य	निर्माण व्यवसायी/ उ.स.	भुक्तानीको विवरण	भुक्तानी हुनुपर्ने परिमाण	भुक्तानी भएको परिमाण	बढी भुक्तानी भएको परिमाण	भुक्तानी दर	जम्मा बढी भुक्तानी (भ्याट)	कैफियत
३/०८१।६।१८	वडा नं. ६ चतरा नहर देखि उत्तर खानेपानी टंकीसम्म सडक कालोपत्रे	आर सि कन्स्ट्रक्शन	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$30.17m^3$	$60.34m^3$	$30.17m^3$	१३५०	४६०२४	Triangular portion मा कार्य भएकोमा rectangular portion को भुक्तानी भएकोले बढी भुक्तानी भएको
			Providing and laying Bituminous concrete/Asphalt concrete	$74.88m^3$	$75.36m^3$	$0.48m^3$	२०५००	११११९	
६/०८१।६।२१	विभिन्न सडक कालोपत्रे वडा नं. ३	आर सि कन्स्ट्रक्शन	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$29.94m^3$	$59.87m^3$	$29.94m^3$	१३००	४३९७५	Triangular portion मा कार्य भएकोमा rectangular portion को भुक्तानी भएकोले बढी भुक्तानी भएको
७/०८१।६।२२	विभिन्न सडक कालोपत्रे वडा नं. २	आर सि कन्स्ट्रक्शन	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$53.89m^3$	$107.77m^3$	$53.89m^3$	१२५०	७६११३	Triangular portion मा कार्य भएकोमा rectangular portion को भुक्तानी भएकोले बढी भुक्तानी भएको
१४/०८१।६। २३	वडा नं. ४ र ७ को विभिन्न सडक कालोपत्रे	आर सि कन्स्ट्रक्शन	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$19.27m^3$	$38.54m^3$	$19.27m^3$	१४००	३०४८५	Triangular portion मा कार्य भएकोमा rectangular portion को भुक्तानी भएकोले बढी भुक्तानी भएको

१०/०८१।६। २२	विभिन्न सडक कालोपत्रे	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$56.82m^3$	$113.63m^3$	$56.82m^3$	१३००	८३४६१	Triangular portion मा कार्य भएकोमा rectangular portion को भुक्तानी भएकोले बढी भुक्तानी भएको
१९/०८१।८। १३	विभिन्न सडक कालोपत्रे वडा नं. ३	केयन बिल्डर्स प्रा लि	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$56.82m^3$	$55.62m^3$	$56.82m^3$	१५००	४७१३८	
१६४/०८२।३। १२	उदय मिश्रको घरदेखि उत्तर पूर्वको बाटो कालोपत्रे र नाला निर्माण	ए एण्ड एस कन्स्ट्रक्शन	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$7.0m^3$	$14.0m^3$	$7.0m^3$	१०००	७९१०	
१६५/०८२।३। १२				$18.91m^3$	$37.81m^3$	$18.91m^3$	१०००	२१३६८	
१९३/०८२।३। १८	जुडी खोला देखि उत्तर ग्राभेल योजना	जुडी खोला देखि उत्तर ग्राभेल योजना उ स	Construction of embankment with material obtained from borrow pits providing laying spreading embankment with borrow material		$66.6m^3$	$66.6m^3$	८१९.९२	५४६०७	कार्य भएको नदेखिएकोमा भुक्तानी भएको
२२८/०८२।३। २४	विभिन्न सडक कालोपत्रे	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि	Providing and laying granular sub-base (RBM) on prepared surface for shoulder(loose)	$34.02m^3$	$68.03m^3$	$34.02m^3$	१२००	४६१२४	Triangular portion मा कार्य भएकोमा rectangular portion को भुक्तानी भएकोले बढी भुक्तानी भएको
२३८/०८२।३। २५	विभिन्न सडक कालोपत्रे वडा नं. १	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि		$54.68m^3$	$109.35m^3$	$54.68m^3$	१०००	६१७८३	
२३९/०८२।३। २५	विभिन्न सडक कालोपत्रे	स्टोन ब्रिज कन्स्ट्रक्शन प्रा लि		$15.8m^3$	$31.59m^3$	$15.8m^3$	१४००	२४९९६	
संघीय हस्तान्तरित कार्यक्रम									
४८/२०८२	१५ सैया आधारभूत	अंशुमान ए.सि.इ. नारायण जे.भी.	RCC Grade 1:1.5:3 M_{20}	$1456.05m^3$	$1461.09m^3$	$5.04m^3$	२१५००	१२२४४६	Slab मा stair case को void

	अस्पताल								कम घटाएको
		जम्मा						**६७७५४९**	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।